सभाबाट स्वीकृत मितिः २०७६/०३/२५

# ईन्द्रावती गाउँपालिकाको आर्थिक ऐन, २०७६

**प्रस्तावना :**

ईन्द्रावती गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२), एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को दफा (१) ले दिएको अधिकार प्रयोग गरी ईन्द्रावती गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम, "ईन्द्रावती गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि ईन्द्रावती गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर /घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल गरिने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा साही बमाजिम हुनेछ ।

९. **मनोरन्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र -याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र -याफटिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **नदीजन्य तथा प्राकृतिक एवं खानीजन्य बस्तु, मर्मत संभार शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) तथा प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री तथा निकासी र सडक मर्मत संभार शुल्क अनुसूची (१४) मा उल्लेखित शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. **जरीवाना** : गाउँपालिकाको क्षेत्राधिकार भित्र अनुसूची (१५) मा उल्लेखित कार्य गरेमा वा गरेको पाइएमा सोही अनुसूचीमा उल्लेख भए बमोजिम जरीवाना वापतको शुल्क असूल उपर गरिनेछ ।

१७. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्तिलाई आ.व. ०७३/०७४ सम्मको बाँकी मालपोत बक्यौता (तीरो) छुट दिईने छ ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।**

## अनुसूचीहरू

### अनुसूची-१

### दफा (२) संग सम्बन्धित

### सम्पत्ति कर

| सि. नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| | घर/संरचना | | |
| १ | ईन्द्रावती गाउँपालिका अन्तर्गत नवलपुर, ऐसेलुखर्क, जिरोकिलो, भेडिचौर, ज्यामिरेमाने, पोखरे, देउराली, सिपाटार, भीमटार, बजार क्षेत्रका आर.सि.सि. घरहरू | प्रति वर्ग फिट | ०.७५ |
| २ | ईन्द्रावती गाउँपालिका अन्तर्गत आँपचौर, वडहरे, तीनधारा, तीनघरे, कोटडाँडा, जौडाँडा, लहरेमाने, बोडगाउँ बजार क्षेत्रका आर.सि.सि. घरहरू | प्रति वर्ग फिट | ०.५० |
| ३ | सि.नं. १ र २ मा उल्लेख गरिएका क्षेत्र भन्दा बाहेकका आर.सि.सि. घरहरू | प्रति वर्ग फिट | ०.४० |
| ४ | सि.नं. १ अन्तर्गत रहेका लोड वियरिङ्ग घरहरू | प्रति वर्ग फिट | ०.३० |
| ५ | सि.नं. २ अन्तर्गत रहेका लोड वियरिङ्ग घरहरू | प्रति वर्ग फिट | ०.२० |
| ६ | ढुंगा माटोले बनेको जस्ताको छाना भएको घर | प्रति घर | १०० |

### अनुसूची–२

### दफा (३) संग सम्बन्धित

### मालपोत/भुमी कर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | **मोटरबाटो (ग्राभेल, माटे सडक) संग जोडिएका जग्गा** | | |
| | दुई रोपनीसम्म | | ४० |
| | दुई रोपनी देखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ५० |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | ६० |
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ७० |
| २ | **धान खेत तर्फ** | | |
| | दुई रोपनीसम्म | | २० |
| | दुई रोपनी देखि पाँच रोपनीसम्म | थप प्रति रोपनी | ३० |
| | पाँच रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | ४० |

| | | | |
|---|---|---|---|
| | दश रोपनी भन्दा माथि | थप प्रति रोपनी | ५० |
| **४** | **पाखो बारी तर्फ** | | |
| | दुई रोपनीसम्म | | ५ |
| | दुई रोपनी देखि दश रोपनीसम्म | थप प्रति रोपनी | १० |
| | दश रोपनी देखि माथि | थप प्रति रोपनी | १५ |
| आर्थिक ऐन, २०७६ को दफा १७ बमोजिम जग्गाधनी किसानहरुले गाउँपालिकालाई बुझाउनु पर्ने आ.व. ०७३/०७४ सम्मको मालपोत कर (तीरो) बक्यौदा मिनाह गरिएको छ। तर सो पश्चातको विलम्ब शुल्क एक बर्षसम्म १५ प्रतिशत, तीन बर्ष सम्म २५ प्रतिशत र सो भन्दा माथि ३५ प्रतिशत थप लाग्नेछ। | | | |

**अनुसूची - ३**

**दफा (४) संग सम्बन्धित**

**बहाल कर**

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | घर बहाल कर | - | १० प्रतिशत |
| २ | हल भाडा प्रति दिन वा प्रति कार्यक्रम (गाउँपालिका तथा वडा कार्यालय | - | १५०० |

**अनुसूची - ४**

**दफा (५) संग सम्बन्धित**

**व्यवसाय कर**

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता रु. ५ लाख सम्म पूँजीगत | | १५०० |
| २ | व्यवसाय दर्ता रु. ५ लाख भन्दा माथि  सम्म पूँजीगत | | २००० |
| ३ | व्यवसाय दर्ता नविकरण (रु. ५ लाख माथि) | | २००० |
| ४ | उद्योग दर्ता ( ५ देखी २० हर्ष पावर सम्म) | | २००० |
| ५ | उद्योग दर्ता (२० हर्ष पावर भन्दा माथि) | | २५०० |
| ६ | उद्योग दर्ता नवीकरण  (५ देखी २० वा सो भन्दा माथि) | | १५०० |
| ७ | स मिल काठ चिरानी दर्ता | | २५०० |
| ८ | स मिल काठ चिरानी नविकरण | | २००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ९ | फर्निचर उद्योग दर्ता | | २५०० |
| १० | फर्निचर उद्योग दर्ता नविकरण | | २००० |
| ११ | डेरी उद्योग दर्ता | | २५०० |
| १२ | डेरी उद्योग दर्ता नवीकरण | | २००० |
| १३ | फर्निचर पसल दर्ता | | ४००० |
| १४ | फर्निचर पसल दर्ता नवीकरण | | २००० |
| १५ | सुन पसल दर्ता | | ५००० |
| १६ | सुन पसल दर्ता नवीकरण | | २५०० |
| १७ | निर्माण व्यवसाय दर्ता | | |
| | क) क श्रेणीको सूचिकृत दस्तुर | | ६००० |
| | ख) ख श्रेणीको सूचिकृत दस्तुर | | ५००० |
| | ग) ग श्रेणीको सूचिकृत दस्तुर | | ४००० |
| | घ) घ (वर्ग) श्रेणीको दर्ता दस्तुर | | १०००० |
| | ङ) घ (वर्ग) श्रेणीको नवीकरण दस्तुर (आश्विन मसान्तसम्म नवीकरण गरेमा रु. ५०००।- र सो अवधिमा नवीकरण नगरी चैत्र मसान्त भित्र नवीकरण गरेमा दोब्बर दस्तुर लाग्ने) | | ५००० |
| | च) घ श्रेणीको इजाजतपत्र नामसारी, प्रतिलिपी र कम्पनी/प्रा.लि.मा परिवर्तन दस्तुर | | २००० |
| | छ) घ वर्गको इजाजत पत्रको प्रतिलिपी | | ५०० |
| १८ | निर्माण व्यवसाय नवीकरण | | ५००० |
| १९ | परामर्श सेवा दर्ता | | ४५०० |
| २० | परामर्श सेवा  नवीकरण शुल्क | | ३००० |
| २१ | क्रसर उद्योग व्यवसायी दर्ता | | १००००० |
| २२ | क्रसर उद्योग व्यवसायी  नवीकरण | | ५०००० |
| २३ | स्काभेटर तथा जे.सि.वि.संचालन अनुमती शुल्क | | १००००० |
| २४ | चुरोट थोक विक्रेता | | १५०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| २५ | चुरोट विक्रेता खुद्रा | | ५०० |
| | **मदिरा** | | |
| १ | मदिरा डिलर | | २००० |
| २ | मदिरा खुद्रा | | १००० |
| ३ | वियर विक्रि वितरण डिलर | | १५०० |
| ४ | वियर विक्रि वितरण खुद्रा | | १००० |
| ५ | मदिरा सहितका कोल्ड स्टोर | | १००० |
| | **ज्वैलरी** | | |
| १ | सुनचादीका गहना बनाउने खरीद तथा विक्रि गर्ने पसल ठुलो (१० लाख माथि) | | २००० |
| २ | सुनचादीका गहना बनाउने पसल (१० लाख सम्म) | | १००० |
| ३ | सुनचादीका गहना बनाउने तथा मर्मत गर्ने पसल | | ५०० |
| | **भिडियो रेर्कडर प्लेर आदिको थोक तथा खुद्रा व्यवसाय** | | |
| १ | टेलिभिजन तथा फ्रिज विक्री गर्ने थोक | | १००० |
| २ | टेलिभिजन तथा फ्रिज विक्री गर्ने खुद्रा | | ५०० |
| ३ | साउन्ड सिस्टम भाडा दिने व्यवसायीहरू | | १००० |
| | **निर्माण सामाग्री** | | |
| १ | रंगरोगन, किला काँटी, सन्माईका, प्लाईउड, सेनेटरी समान सरीया, सिमेन्टका साथै फ्लोरीङ फर्निसिङ्ग र अन्य निर्माण सामाग्रीको थोक तथा खुद्रा विक्रेता | | १५०० |
| २ | 'क' बमोजिम खुद्रा माल सामानका साथ अन्य उपकरण वा अन्य खुद्रा सामग्री विक्री गर्ने | | १००० |
| | **कम्प्युटर र अन्य ईलेक्ट्रोनिक्स सामान** | | |
| १ | कम्प्युटर र सोका पार्टस विक्री गर्ने, साउण्ड सिस्टम, प्रशिक्षण तथा साईवर सञ्चालन गर्ने | | १५०० |
| २ | कम्प्युटर, फ्रिज, टि.भी., मोवाईल, राईसकुकर आदीको थोक विक्रेता | | २००० |
| ३ | मोवाईल ग्यालरी, मोवाईल सेट विक्री तथा मर्मत | | १५०० |
| ४ | मोवाईल मर्मत | | ५०० |
| ५ | फ्रिज, कुलर, राईसकुकर आदि मर्मत | | १००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ६ | विजुलीका सामानका साथै विजुली वाट चल्ने उपकरण जस्तै हिटर, कुलर, पंखा, आईरन आदि थोक तथा खुद्रा विक्री गर्ने | | १००० |
| ७ | विजुलीका सामान मात्र विक्री गर्ने | | ५०० |
| ८ | रेडियो घडी विक्री गर्ने पसल | | ५०० |
| ९ | घडी मात्र विक्री गर्ने पसल | | ५०० |
| १० | विजुलीका ट्रान्सफर्मर मर्मत गर्ने | | ५०० |
| | **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापार** | | |
| १ | एक भन्दा वढी पम्प भएका | | ३००० |
| २ | एक मात्र पम्प भएका | | २००० |
| ३ | ड्रममा पट्रोलियम पदार्थ विक्रेता बाट तेल वेच्ने | | ५०० |
| | **दैनिक उपभोगका खाद्य पदार्थ,  कपडा आदिका थोक तथा खुद्रा व्यापार** | | |
| १ | किराना पसल अन्य सामान सहित (५ लाख माथि) | | १००० |
| २ | किराना पसल मात्र (५ लाख सम्म) | | ५०० |
| | **कपडा पसल** | | |
| १ | कपडा थोक पसल | | १००० |
| २ | कपडा खुद्रा पसल | | ५०० |
| | **सवारी साधन मर्मत तथा सम्भार गर्ने** | | |
| १ | विभिन्न सवारी साधनका पार्टस विक्री गर्ने | | १००० |
| २ | दुई पाङग्रे मर्मत सेन्टर | | ५०० |
| ३ | मोटरसाईकल मर्मतका साथै सोका पार्टस विक्री गर्ने पसल | | १००० |
| ४ | गाडीका टायर मर्मत तथा हावा भर्ने | | ५०० |
| ५ | ईलेक्ट्रीक मेशिन वाट वेल्डीङ्ग गर्ने | | ५०० |
| ६ | ग्याँस वेल्डीङ्ग गर्ने | | ५०० |
| ७ | रेडियो, टि.भी., घडी, प्रेसरकुकर, हिटर, टेलीफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र | | ५०० |
| ८ | मोटरसाईकल विक्रेता | | १००० |
| ९ | हेयर कटिङ्ग | | ५०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| १ | चिकित्सक | | १००० |
| २ | कविराज वैद्य | | ५०० |
| ३ | कानुन व्यवसायि | | ५०० |
| ४ | लेखापरिक्षक घ वर्ग | | ५०० |
| ५ | दन्त चिकित्सक | | ५०० |
| ६ | अनुसन्धान कर्ता र परामर्शदाता (नक्सा डिजाईनर) | | १००० |
| ७ | कम्प्युटर एनालिष्ट र प्रोग्राम | | ५०० |
| ८ | विमा एजेन्ट | | २०० |
| ९ | सर्भेएर | | ४०० |
| १० | अनुवादक | | ४०० |
| ११ | पशु चिकित्सक | | ५०० |
| १२ | सामान ढुवानी कर्ता तथा कम्पनी स्थानीय | | १००० |
| १३ | संस्थागत पेन्टर स्थानीय | | २०० |
| १४ | लेखापढी व्यवसाय | | २०० |
| **निर्माण व्यवसायी सिफारिस (गाउँपालिकामा प्रधान कार्यालय भएका)** | | | |
| १ | क श्रेणीका निर्माण व्यवसायी | | ६००० |
| २ | ख श्रेणीका निर्माण व्यवसायी | | ५८०० |
| ३ | ग श्रेणीका निर्माण व्यवसायी | | ५५०० |
| **उत्पादनमुलक उद्योग** | | | |
| १ | चिउरा उद्योग | | ५०० |
| २ | सिमेन्ट उद्योग | | १०००० |
| ३ | सिमेन्टका ब्लग बनाउने २० ब्यालेटका रीङ, टायल आदि | | ५०० |
| ४ | गार्मेन्ट तयारी पोशाक सहित कपडा विक्रेता | | १००० |
| ५ | गलैचा उद्योग | | १००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ६ | डिस्टीलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्ने | | ३००० |
| ७ | मिनरल वाटर उत्पादन | | ५०० |
| ८ | स्टिल मेटलवाट कुलर,दराज, बाकसका साथै आधुनिक फर्निचर उत्पादन गर्ने | | ३००० |
| ९ | स्टिलमेटलवाट मेसनरी सामानका साथै विभिन्न औजार उपकरण उत्पादन गर्ने ईन्जिनियरीङ वर्क सप | | ५००० |
| १० | ग्रिल, सटर, ट्रस बनाउने उद्योग | | १००० |
| ११ | ह्याचरी (चल्ला उत्पादन गर्ने) | | १००० |
| १२ | पशुपंक्षिको आहारा उत्पादन गर्ने | | १००० |
| **उर्जामुलक उद्योग** | | | |
| **उर्जामुलक सवै उद्योग तथा व्यवसायमा** | | | |
| १ | गोवर ग्यास कम्पनी | | ५०० |
| २ | सोलार पावर कम्पनी | | १००० |
| **कृषि तथा वन जन्य उद्योग** | | | |
| **मुलत : कृषि तथा वन पैदावारमा आधारीत उद्योग व्यवसायमा** | | | |
| १ | काठ चिरान सम्वन्धी काम गर्ने स.मिल | | १५०० |
| २ | प्लाईउड सम्वन्धी काम गर्ने स.मिल चिरानी मेशीन राखी वा नराखी | | १००० |
| ३ | चिरान मेशीन राखी साधारण फर्निचर उत्पादन गर्ने | | १००० |
| ४ | चिरान मेसीन राखी आधुनिक फर्निचर उत्पादन गर्ने | | १००० |
| **धान कुट्ने, गहुँ पिस्ने, तोरी पेल्ने उद्योग (मिल)** | | | |
| १ | ५ हर्ष पावरदेखी २० हर्ष पावर सम्म | | ५०० |
| २ | २१ हर्ष पावरदेखी ३० हर्ष पावर सम्म | | १००० |
| **खनिज उद्योग** | | | |
| १ | खनिज उत्खनन वन प्रशोधन गर्ने उद्योग व्यवसाय | | २००० |
| **पर्यटक आवास होटेल, रेष्टुरा, रिसोर्ट ट्राभल्स एजेन्सी, ग्लाईडिङ्ग, वाटर र्‍याफ्टीङ आदि उद्योग व्यवसाय** | | | |
| १ | प्रा.लि. भएका होटेल तथा रिसोर्ट | | ३००० |
| २ | ट्राभल एजेन्सी शाखा तथा ग्लाईडिङ | | १००० |
| ३ | होटेल लज २० वेड सम्म (व्यवस्थित) साथै हलको व्यवस्था भएमा थप | | १००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ४ | होटेल लज २१ वेड देखी ३० वेड सम्म (व्यवस्थित) साथै हलको व्यवस्था भएमा थप | | १५०० |
| ५ | गेष्ट हावस साधारण वेड १ देखी २० वेड सम्म साथै हलको व्यवस्था भएमा थप | | १००० |
| ६ | रेष्टुरेन्ट चमेना गृह मदिरा सहित | | ५०० |
| ७ | आधुनिक सुविधायुक्त रेष्टुरेन्ट एण्ड बार | | १००० |
| ८ | पर्यटक स्तरीय होटल | | २००० |
| ९ | साधारण होटेल (चिया नास्ता तथा खानाको सुविधा मात्र) | | ५०० |
| **मिठाई तथा भोजनालय** | | | |
| १ | उच्च स्तरीय मिठाई पसल | | १५०० |
| २ | मिठाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएका | | १००० |
| ३ | मिठाईका साथै भोजनका मध्यम स्तरीय व्यवस्था भएका | | ५०० |
| **सेवा उद्योग** | | | |
| **छापाखाना, परामर्श सेवा, निजी तथा बेली व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, सितभण्डार** | | | |
| **छपाई तथा प्रकाशन** | | | |
| १ | एक मात्र टेडेल मेसीन राखी छपाईका काम गर्ने | | १००० |
| २ | एक देखी दुई टेडल मेसीन राखी छपाईका काम गर्ने | | १५०० |
| ३ | अफसेट प्रेस भएका | | २००० |
| ४ | स्क्रिन प्रिन्ट गर्ने | | १००० |
| **चलचित्र व्यवसाय** | | | |
| १ | सिनेमाहलहरू | | ५००० |
| २ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रर्दशन हल, थ्रिएटर, संगीत तथा मनोरञ्जन स्थलका प्रवेश शुल्कमा मनोरञ्जन कर (प्रतिशत) | | ३ |
| ३ | जादु सर्कस, चटक आदिमा प्रति दिन | | ५०० |
| **सार्वजनिक परिवहन** | | | |
| १ | दुई बस सम्म राखी व्यवसाय गर्ने | | ५०० |
| २ | तीन बस सम्म राखी व्यवसाय गर्ने | | १००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ३ | चार बस सम्म राखी व्यवसाय गर्ने | | १५०० |
| ४ | पाँच वस वा सो भन्दा माथि | | २००० |
| **ट्रान्सपोर्ट (ढुवानी सेवा)** | | | |
| १ | एक ट्रक भएका | | ५०० |
| २ | दुई ट्रक भएपका | | १००० |
| ३ | तीन ट्रक भएका | | १५०० |
| ४ | चार ट्रक भएका | | २००० |
| ५ | पाँच ट्रक वा सो भन्दा माथि | | २५०० |
| **प्रयोगशाला** | | | |
| १ | रगत, दिसा, पिसाव जाँच गर्ने | | ५०० |
| **विभिन्न किसिमका तालिम गोष्ठी, सेमिनार तथा विवाहको लागि हल व्यवस्था गर्ने** | | | |
| १ | ५० सिट देखी १०० सिट सम्म | | २०० |
| २ | १०१ सिट देखी २०० सिट सम्म | | ५०० |
| ३ | २०१ सिट देखी माथि | | १००० |
| ४ | व्यवसायिक व्यायामशाला | | ५०० |
| **निजी क्षेत्रका टेलिफोन सेवा एस.टि.डी., फ्याक्स सेवा, फोटोकपी, ईमेल ईन्टरनेट, रेडियो आदि** | | | |
| १ | फ्याक्स फोटोकपी सेन्टर तथा फोटा खिच्ने | | ५०० |
| २ | ईमेल ईन्टरनेट सहित साईवर क्याफेको व्यवस्था भएको | | ५०० |
| ३ | कुरीयर सेवा | | ५०० |
| ४ | छपाई तथा प्रकाशन (पत्रपत्रिका) | | ५०० |
| ५ | एफ.एम. रेडियो स्टेसनमा वार्षिक | | ५०० |
| **वित्तिय सेवा** | | | |
| १ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने क बर्गका बैंकको शाखा | | १०००० |
| २ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने ख बर्गका बैंकको शाखा | | ८००० |
| ३ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने ग बर्गका बैंकको शाखा | | ७००० |
| ४ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने घ बर्गका बैंकको शाखा | | ५००० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| ५ | विमा कम्पनी शाखा | | ४००० |
| ६ | सहकारी बैंक तथा अन्य वित्तीय संस्था | | २००० |
| | **सहकारी संस्था** | | |
| १ | (क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता | | ५००० |
| २ | (ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था दर्ता | | ३००० |
| ३ | (ग) अन्य सहकारी संस्था दर्ता | | २५०० |
| ४ | (घ) ऋण/योजना माग सिफारिस | | १००० |
| **स्वास्थ्य सेवा** | | | |
| १ | गैर सरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | | ३००० |
| २ | क्लिनिक तथा ल्याव | | ५०० |
| ३ | दन्त क्लिनिक | | ५०० |
| ४ | अल्ट्रासाउन्ड एक्सरे | | १००० |
| ५ | सादा एक्सरे | | २०० |
| **शिक्षा सेवा** | | | |
| **निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय** | | | |
| १ | आधारभूत स्तरका विद्यालय | | ५०० |
| २ | माध्यमिक स्तरका विद्यालय | | १००० |
| ३ | क्याम्पस स्तर | | १५०० |
| **तालिम तथा अनुसन्धान केन्द्र** | | | |
| १ | टेक्नीकल ईन्स्टीच्युट (१५ महिने) प्रति विधा | | १००० |
| २ | कम्प्युटर प्रशिक्षण केन्द्र | | ५०० |
| **अन्य सेवा** | | | |
| १ | विज्ञापन सेवा सवै किसिमका | | २०० |
| २ | व्युटिपार्लर, केश श्रृङगार्र आदि | | २०० |
| ३ | हजाम एक सिट देखी पाँच सिट सम्म सुविधायुक्त | | २०० |
| ४ | हजाम एक सिट  घुम्तीवाला | | ५० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| | **फोटो स्टुडियो** | | |
| १ | कलरल्याव | | ५०० |
| २ | फोटो, भिडियो मिक्सीङ गर्ने, सि.डी. तयार गर्ने | | ५०० |
| | **सुचीकार कपडा सिलाई गर्ने** | | |
| १ | १ देखी २ मेशीन सम्म | | ३०० |
| २ | ३ देखी १० मेशीन सम्म | | ५०० |
| ३ | ११ भन्दा माथि | | १००० |
| ४ | आर्ट सेन्टर ( फ्लेक्स प्रिन्ट) | | ८०० |
| ५ | आर्ट सेन्टर साधारण | | ३०० |
| | **मासु  तथा माछा विक्रेता** | | |
| १ | खोका/ढेबरी व्यवसाय | | ३०० |
| २ | भाँडाकुडा विक्रेता ठुलो पसल | | ५०० |
| ३ | भाँडाकुडा विक्रेता साना पसल | | २०० |
| ४ | खेलौना उपहार तथा गिफ्ट विक्रेता | | २०० |
| ५ | केवुल नेटवर्कलाई ग्राहक संख्याको आधारमा | | ३००० |
| ६ | एग्रोभेट सेन्टर | | ५०० |
| ७ | म्यानपावर कम्पनी शाखा कार्यालय | | २००० |
| ८ | अर्न्तराष्ट्रिय संघ संस्था | | ३००० |
| ९ | ईट्टा, ढुङ्गा उद्योग विक्री डिपो | | १००० |
| १० | ग्याँस चुलो लगायत अन्य विक्रेता | | १००० |
| ११ | ड्राई क्लिनर्स | | ५०० |
| १२ | मोवाईल टावर शुल्क प्रति टावर | | २००० |
| | **श्रृङगार पसल** | | |
| १ | श्रृङगारका साथैअन्य सामानका पसल | | १००० |
| २ | श्रृङगार, सामानका साथै अन्य फेन्सी सामानका ठुला पसल | | १५०० |
| ३ | श्रृङगार पसल मात्र | | ५०० |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| | **इटा भट्टा तथा ब्लक** | | |
| १ | इटा भट्टा संचालन अनुमती (दर्ता शुल्क) | | १५००० |
| २ | इटा भट्टा नवीकरण शुल्क | | १०००० |
| ३ | ब्लक इटा दर्ता शुल्क | | ५००० |
| ४ | ब्लक इटा नवीकरण शुल्क | | ३००० |
| | **विभिन्न उद्योगहरू** | | |
| १ | लघु उद्यम (मसला, नमकिन, पाउरोटी आदि) | | २०० |
| २ | डेरी फर्म मिठाई समेत भएकोलाई | | १००० |
| ३ | डेरी फर्म मात्र भएकोलाई | | ५०० |
| ४ | सिलाई कटाई तालिम गराउने केन्द्र | | ५०० |
| ५ | विभिन्न किसिमका डिलर माथि उल्लेखित वाहेक | | १००० |
| ६ | जुत्ता चप्पल छालाका पसल | | ५०० |
| ७ | जुत्ता चप्पल उद्योग | | १००० |
| | **मर्मत तथा फ्रेम पसल** | | |
| ५ | सेनेटरी सामान विक्री तथा मर्मत गर्ने पसल | | २०० |
| ६ | फोटो फ्रेम गर्ने पसल | | २०० |
| | **औषधी पसल** | | |
| १ | औषधी थोक पसल | | १००० |
| २ | औषधी खुद्रा  पसल | | ६०० |
| ३ | पान चुरुटका साथै अन्य मालसामानका पसल | | ५०० |
| ४ | पान चुरुट मात्र विक्री गर्ने पसल | | २०० |
| ५ | रुई धुलाईका साथै सिरक गद्धाको थोक विक्रेता | | ५०० |
| ६ | लेन्टर ढलानका लागि सेटिङका सामान भाडामा दिने | | ५०० |
| ७ | विभिन्न मालसामान संकलन गर्ने कवाडी | | ५०० |
| ८ | पाठ्यपुस्तकका साथै अन्य सामान पुस्तक र खेलकुद सामाग्री भएका पसललाई | | ५०० |
| ९ | पाठ्यपुस्तकका सामाग्री मात्र विक्री वितरण गर्ने पसल | | ३०० |
| १० | चस्मा विकी तथा मर्मत गर्ने पसल | | २०० |
| | **कुखुरा पालन व्यवसाय गर्ने** | | |

| सि.नं. | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | १००० सम्मका कुखुरा पालन व्यवसाय गर्ने पोल्ट्री फर्म | | ५०० |
| २ | सो भन्दा माथि | | १००० |
| ३ | वंगुर पालन व्यवसाय | | ५०० |
| ४ | माछा पालन व्यवसाय प्रति पोखरी | | ५०० |
| ५ | कृषि मल विउ किटनाशक औषधीका साथै भेटेनरी औषधीको थोक तथा खुद्रा विक्रेता | | ४०० |
| ६ | कृषि सामाग्री संस्थान वा बाहिरवाट रसायनिक मल विउको थोक विक्रेता | | ५०० |
| ७ | सोलार मर्मत गर्ने पसल | | ५०० |
| | **संस्था दर्ता** | | |
| १ | कार्यक्रम संचालन स्वीकृति | | १००० |
| २ | नाफामुलक | | ३००० |
| ३ | गैरनाफा मुलक | | १५०० |
| | **गैर नाफामुलक संस्था नविकरणका लागि सिफारिस दस्तुर** | | |
| १ | रु १ लाख देखि  ५ लाखसम्म कारोबार भएको संस्था | | १५०० |
| २ | रु ५ लाख देखि १० लाखसम्म कारोबार भएको संस्था | | २००० |
| ३ | रु १० लाख देखि २५ लाखसम्म कारोबार भएको संस्था | | २५०० |
| ४ | रु २५ लाख देखि १ करोडसम्म कारोबार भएको संस्था | | ३००० |
| ५ | रु १ करोड देखि माथि कारोबार भएको संस्था | | ५००० |
| ६ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | | ५००० |
| ७ | कवाडी व्यवसाय | | २००० |
| माथि उल्लेख भएका व्यवसायहरू महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिको नाममा दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ । साथै माथि उल्लेख भएका सवै व्यवसायहरू प्रत्येक आ.व. को आश्विन मसान्त भित्र नवीकरण नगरेमा २५ प्रतिशत थप जरीवाना लाग्नेछ । | | | |

**अनुसूची–५**

**दफा (६) संग सम्बन्धित**

**जडीबुटी र जीवजन्तु कर**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ऊन, खोटो निकासी शुल्क | प्रति के.जी. | ६ |
| २ | बज्रजन्ती, काफलको बोक्रा, चुत्रोको बोक्रा निकासी शुल्क | प्रति के.जी. | २ |
| ३ | लोठ सल्लाको पात, सतुवा, लप्सी निकासी शुल्क | प्रति के.जी. | ५ |
| ४ | धसिंगरे निकासी शुल्क | प्रति के.जी. | ३ |
| ५ | धुपीको काठ निकासी शुल्क | प्रति के.जी. | २० |
| ६ | पैयुको बोक्रो, सल्लाको सिङ्टा, एसेलुको डाँठ, तितेपाती, मजिठो, धुपीको पात, अमला, काउलो, हर्रो, बर्रो निकासी शुल्क | प्रति के.जी. | १ |
| ७ | साल प्रति क्यू.फिट | प्रति क्यू.फिट | २०० |
| ८ | सल्लो, उत्तिस, चिलाउने, कटुस, मौवा, अस्ना (साज), शिरिस, सिमल, अन्य | प्रति क्यू.फिट | ५ |
| ९ | दाउरा | प्रति टिप | ५०० |
| १० | काठ कटानी, मुछानी र पाइलिङ्ग (समूह भन्दा बाहिर विक्री/निकासी) गरेमा | प्रति क्यू.फिट | २० |
| ११ | प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला आदि निकासी शुल्क | प्रति के.जी. | ५ |

**अनुसूची - ६**

**दफा (७) संग सम्बन्धित**

**सवारी साधन कर**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | बस | प्रति | ३००० |
| २ | ट्रक | प्रति | ३००० |
| ३ | हलुका सवारी साधन | प्रति | २००० |
| ४ | ट्याक्टर | प्रति | १५०० |
| ५ | मोटरसाइकल | प्रति | १००० |
| ६ | स्कुटर | प्रति | ५०० |
| ७ | व्यट्री, डिजेल, पेट्रोलबाट चल्ने अटो, रिक्सा, ट्याम्पो दर्ता | प्रति | ५००० |
| ८ | व्यट्री, डिजेल, पेट्रोलबाट चल्ने अटो, रिक्सा, ट्याम्पो नवीकरण | प्रति | ३००० |

## अनुसूची – ७

### दफा (८) संग सम्बन्धित

### विज्ञापन कर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | होडिङ वोर्ड /साइन बोर्ड | प्रति वर्ग फिट | ७५ |
| २ | व्यापारिक स्टल | प्रति गोटा | १५० |
| ३ | धातुको फ्रेम वा विद्युतीय तरङ्ग प्रयोग गरिएको प्रचार सामाग्री | प्रति वर्ग फिट | २०० |
| ४ | रेडियो विज्ञापन कर | ँ | १ प्रतिशत |
| ५ | पत्रपत्रिका विज्ञापन कर | ँ | २ प्रतिशत |

## अनुसूची – ८

### दफा (९) संग सम्बन्धित

### मनोरञ्जन कर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो यात्र प्रवेश शुल्कमा | २ प्रतिशत | ३ प्रतिशत |
| २ | जादु, सर्कस, चटक प्रतिदिन | ५०० | १००० |
| ३ | कृषि तथा अन्य स्टल प्रर्दशन प्रतिदिन | – | ५०० |

## अनुसूची – ९

### दफा (१०) संग सम्बन्धित

### बहाल बिटौरी कर

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| | **सार्वजनिक संरचना/जग्गाहरू** | | |
| १ | नदीजन्य पदार्थ उत्पादन/संकलन सम्बन्धी उद्योग | प्रति रोपनी | १०००० |
| २ | कृषि तथा कृषिजन्य व्यवसाय | प्रति रोपनी | २५०० |
| ३ | स्थायी संरचना बनेकाको हकमा | प्रति वर्ग फिट | २५ |
| ४ | अस्थायी संरचना बनेकाको हकमा | प्रति वर्ग फिट | २० |
| ५ | हाट बजार | प्रति दिन प्रति स्टल | ५० |
| ६ | **भ्वन** | | |
| | क) पक्की | प्रति वर्ग फिट | ७० |
| | ख) कच्ची | प्रति वर्ग फिट | ५० |

## अनुसूची – १०

### दफा (११) संग सम्बन्धित

### पार्किङ्ग शुल्क

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | स्कुटर/मोटरसाइकल | प्रति घण्टा | २० |
| २ | हलुका सवारी साधन | प्रति घण्टा | २५ |
| ३ | ट्र्याक्टर | प्रति घण्टा | ३० |
| ४ | ह्याभी सवारी साधन-बस, ट्रक | प्रति घण्टा | १०० |

**अनुसूची – ११**

**दफा (१२) संग सम्बन्धित**

**ट्रेकिङ्ग र ऱ्याफ्टीङ्ग शुल्क**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रू) |
|---|---|---|---|
| १ | ऱ्याफ्टीङ्ग व्यवसाय प्रति ऱ्याफ्टीङ्ग सेवा लिने सँग | प्रति व्यक्ति | ५० |
| २ | ट्रेकिङ | प्रतिव्यक्ति प्रति दिन | ५० |

**अनुसूची – १२**

**दफा (१३) सँग सम्बन्धित**

**सेवा, शुल्क तथा दस्तुर**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रू) |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | | २० |
| | **सिफारिस दस्तुर** | | |
| १ | काउनसिलर कामजात प्रमाणित एकमुष्ट (अंग्रेजी) | | ३०० |
| | **नेपालीमा गरिने देहाय बमोजिमका सिफारिस** | | |
| १ | नागरिकता सिफारिस | | १०० |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | | १०० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | | ५०० |

| | | | |
|---|---|---|---|
| ४ | नाता प्रमाणित स्वदेश प्रयोजन | | १०० |
| ५ | नाता प्रमाणित विदेश प्रयोजन | | ५०० |
| ६ | नाता कायम सिफारिस | | १०० |
| ७ | पारिवारिक विवरण सिफारिस | | २०० |
| ८ | बसोबास प्रमाणित सिफारिस | | ३०० |
| ९ | नावालक सिफारिस | | १०० |
| १० | जन्म मिति प्रमाणित सिफारिस | | १०० |
| ११ | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | | १०० |
| १२ | अविवाहित प्रमाणित सिफारिस | | १०० |
| १३ | व्यक्तिगत प्रमाणित सिफारिस | | २०० |
| १४ | चारीत्रिक प्रमाणित सिफारिस | | १०० |
| १५ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | | १०० |
| १६ | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी | | १०० |
| १७ | विद्युत मिटर जडान सिफारिस (घरायसी) | | १०० |
| १८ | विद्युत मिटर जडान सिफारिस (उद्योग) | | १५०० |
| | **रुख कटान सिफारिस** | | |
| १ | १ वटा रुख देखि १० वटा रुख सम्म | प्रति रुख | ५०० |
| २ | ११ वटा रुख देखि ३० वटा रुख सम्म | प्रति रुख | १०० |

| | | | |
|---|---|---|---|
| ३ | ३१ वटा रुख देखि ५० वटा रुख सम्म | प्रति रुख | १०० |
| ४ | ५१ वटा रुख देखि १०० वटा रुख सम्म | प्रति रुख | १०० |
| ५ | १०१ वटा रुख देखि ५०० वटा रुख सम्म | प्रति रुख | १०० |
| ६ | ५०१ वटा रुख देखि १००० वटा रुख सम्म | प्रति रुख | १०० |
| ७ | १००० वटा रुख भन्दा माथि | प्रति रुख | १०० |
| **घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस** | | | |
| १ | ठूला उद्योग सिफारिस | | ५००० |
| २ | मझौला उद्योग सिफारिस | | २५०० |
| ३ | साना तथा घरेलु उद्योग | | १५०० |
| ४ | व्यवसाय बन्द तथा नाम परिवर्तन | | २०० |
| ५ | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | | १००० |
| ६ | मदिरा व्यवसाय सिफारिस (थोक) | | २००० |
| ७ | संघ संस्था सिफारिस | | १००० |
| ८ | वडा सर्जमिन प्रमाणित | | १०० |
| ९ | प्लटिङ्ग इजाजत प्रति रोपनी | | २००० |
| १० | वनजन्य वस्तुको सिफारिस | | १५०० |
| ११ | पर्यटक स्तरीय होटल सिफारिस | | २००० |
| १२ | घर पातल प्रमाणित | | १०० |
| १३ | घर कायम सिफारिस | | ५०० |
| **जग्गा रजिष्ट्रेशन पास** | | | |
| १ | पहिलो कित्ता | | ५०० |

| | | | |
|---|---|---|---|
| २ | पहिलो कित्ता पछि थप प्रति कित्ता | | १०० |
| ३ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | | २०० |
| ४ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | | १०० |
| ५ | उजुरी निवेदन दस्तुर | | १०० |
| ६ | मिला  पत्र दस्तुर | | ३०० |
| ७ | जग्गा दर्ता वा नामसारी सिफारिस ५ रोपनी सम्म | | २०० |
| ८ | थप प्रति रोपनी | | २५ |
| ९ | राजिनामा, बकसपत्र सिफारिस | | ३०० |
| १० | अशंवण्डा सिफारिस | | २०० |
| ११ | नाम सच्याई सर्जमिन | | २०० |
| १२ | घर नक्सा नामसारी | | ५०० |
| १३ | उद्योग नामसारी ठूलो | | २००० |
| १४ | उद्योग नामसारी मझौला | | १५०० |
| १५ | उद्योग नामसारी सानो | | १००० |
| १६ | चार किल्ला प्रमाणित वैंक तथा अन्य प्रयोजन : | | (क) ५०० |
| | थप प्रति रोपनी | | (ख) १०० |
| | **घर जग्गा मूल्याङकन** | | |
| १ | (क) १ लाख देखि १० लाख सम्म | | (क) १००० |
| | (ख) १०१ लाख देखि २० लाख सम्म | | (ख) २००० |

| | | | |
|---|---|---|---|
| | (ग) सो भन्दा माथि थप प्रति लाख | | (ग) १०० |
| २ | नक्सा पास किताव | | ५०० |
| ३ | भरुवा बन्दुक नवीकरण | | ५०० |
| ४ | आय श्रोत प्रमाणित (विद्यार्थीको लागि २५ प्रतिशत छुट) | | ०.५ प्रतिशत |
| **निजी विद्यालयको कक्षा वृद्धि (अपग्रेड)** | | | |
| १ | आधारभूत स्तर | | १५०० |
| २ | माध्यमिक स्तर | | २००० |
| ३ | क्याम्पस/कलेज स्तर | | २५०० |
| **निजी विद्यालय अनुमति शुल्क** | | | |
| १ | किन्डरगार्टेन | | ५००० |
| २ | आधारभूत तह | | ५५०० |
| ३ | माध्यमिक तह | | ६००० |
| **विविध सिफारिस** | | | |
| १ | जीवित रहेको सिफारिस | | १०० |
| २ | घर जग्गा करको लेखा जोखा सिफारिस | | ५०० |
| ३ | निशुल्क स्वास्थ्य उपचार सिफारिस | | निःशुल्क |
| ४ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | | निःशुल्क |
| ५ | आफ्नो अधिकारक्षेत्रका विषयमा अंग्रेजी भाषामा सिफारिस तथा प्रमाणित | | ५०० |

| | | | |
|---|---|---|---|
| ६ | संरक्षक प्रमाणित | | १०० |
| ७ | संस्थागत संरक्षक सिफारिस | | २०० |
| ८ | व्यक्तिगत संरक्षक सिफारिस | | १०० |
| ९ | हकवाला वा हकदार प्रमाणित | | १०० |
| १० | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) | | १०० |
| ११ | पालन पोषण सिफारिस | | २०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क |
| १३ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | | ५०० |
| १४ | अन्य प्रमाणित वा सिफारिस | | १०० |
| १५ | क) नयाँ घट्ट दर्ता | | २०० |
| | ख) विद्युतबाट चल्ने घट्ट दर्ता | | ५००० |
| **नक्शा पास, निर्माण स्वीकृति शुल्क** | | | |
| १ | आवासीय भवन | प्रति वर्ग फिट | ४ |
| २ | व्यापारिक भवन | प्रति वर्ग फिट | ८ |
| ३ | निजी भवन अभिलेखीकरण | प्रति वर्ग फिट | ४ |
| ४ | व्यापारिक भवन अभिलेखीकरण | प्रति वर्ग फिट | ८ |
| १ | नक्सा फेरबदल दस्तुर | | १००० |
| २ | मोहोडा परिवर्तन दस्तुर | | १००० |
| ३ | तल्ला थप निवेदन शुल्क | | १०० |
| ४ | शैक्षिक भवन | प्रति वर्ग फिट | ८ |
| ५ | संस्थागत भवन | प्रति वर्ग फिट | १० |
| ६ | औद्योगिक भवन | प्रति वर्ग फिट | ४० |
| ७ | निर्माण सम्पन्न वा नामासारी शुल्क (आर सि सि) | | १००० |

| | | | |
|---|---|---|---|
| ८ | निर्माण सम्पन्न वा नामासारी शुल्क (लोड बेरिङ्ग ) | | ५०० |
| | **अभिलेखिकरण दस्तुर** | | |
| | **आवासीय घर** | | |
| १ | ६०० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ४ |
| २ | ६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ५ |
| ३ | १००० वर्ग फिट देखि माथि सबै | प्रति वर्ग फिट | ६ |
| ४ | लोड बियरिङ्ग घरहरूको हकमा | प्रति वर्ग फिट | २ |
| | **आवासीय तथा व्यापारिक घर** | | |
| १ | ६०० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ५ |
| २ | ६०० वर्ग फिट देखि माथि १००० वर्ग फिट सम्मको लागि | प्रति वर्ग फिट | ६ |
| ३ | १००० वर्ग फिट देखि माथि सबै | प्रति वर्ग फिट | ७ |
| ४ | लोड बियरिङ्ग घरहरूको हकमा | प्रति वर्ग फिट | ३ |
| (माथि सि.नं. ४.१ र ४.२ मा उल्लेख भएका भवनको प्लिन्थको क्षेत्रफलको आधारमा वर्गिकरण गरिएको तथा साविक स्थानीय निकायमा दर्ता भएका भवनहरूको हकमा उपरोक्त दररेटमा २५% छुट दिइनेछ । | | | |
| ६ | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नताको प्रतिलिपी शुल्क | | ५०० |
| ७ | प्लिन्थ लेवल भन्दा माथि Super Structure को नक्शा पास गरी तोकिएको समयमा निर्माण सम्पन्न नगरेमा विलम्ब शुल्क | | २००० वा २५ प्रतिशत मध्ये जुन बढी हुन्छ । |
| ८ | म्याद थप गरेपछि २ वर्ष भित्र निर्माण कार्य सम्पन्न नगरिएमा थप विलम्ब शुल्क | थप २५ प्रतिशत | थप २५ प्रतिशत |
| ९ | डिजाइन शुल्क | ५०० | ५०० |
| १० | **काठ कटान** | | |
| | क) घरायसी प्रयोजनका लागि | प्रति क्यू.फिट | १ |
| | ख) व्यापारिक प्रयोजनका लागि | प्रति क्यू.फिट | २ |
| ११ | **काठ निकासी** | | |
| | क) काठ निकासी पालिकाभित्र | प्रति क्यू.फिट | २ |
| | ख) काठ निकासी जिल्लाभित्र | प्रति क्यू.फिट | ५ |

| | | | |
|---|---|---|---|
| | ग) काठ निकासी जिल्ला बाहिर | प्रति क्यू.फिट | २० |
| ११ | व्यवसाय दर्ता प्रतिलिपी | | २०० |
| १२ | चार किल्ला प्रमाणित | प्रति कित्ता | ३०० |
| १३ | चार किल्ला प्रमाणित प्रतिलिपी | प्रति कित्ता | १०० |
| १४ | अमिनद्वारा स्थलगत नाँपजाँच | | १००० |
| १५ | घरबाटो भए नभएको प्रमाणित गरेको | | ५०० |
| १६ | घर जग्गा कर रसिदको प्रतिलिपि | | ५० |
| १७ | प्राविधिक फिल्ड गई डिपिसी चेक जाँच | | १००० |
| १८ | नक्शापास आवेदन पुस्तिका | | ५०० |
| १९ | नाता प्रमाणित | | १०० |
| २० | व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर | | १०० |
| २१ | छुट जग्गा दर्ता सिफारिस | | ५०० |
| २२ | जग्गा नामसारी सिफारिस | | २०० |
| २३ | मोही नामसारी सिफारिस | | २०० |
| २४ | डिलर लिने सिफारिस | | २००० |
| २५ | सामुदायिक वन कार्ययोजना स्वीकृति शुल्क | | २५०० |
| २६ | ढुंगा निकासी (खानी तथा पुराना घरको) शुल्क | प्रति स्क्वाएर फुट | ४ |

**अनुसूची –१३**

**दफा (१४) संग सम्वन्धित**

**पर्यटन शुल्क (उद्यान□पार्क भ्रमण शुल्क)**

| सि.नं | विवरण | इकाई | वार्षिक करको दर (रु) |
|---|---|---|---|
| १ | नेपाल भित्रका पर्यटक ( गा.पा बाहेक) | प्रति व्यक्ति | १० |
| २ | सार्क मूलुकका पर्यटक | प्रति व्यक्ति | १०० |
| ३ | अन्य मूलुकका पर्यटक | प्रति व्यक्ति | २५० |

**अनुसूची–१४**

**दफा ( १५) संग सम्बन्धित**

**ढुंगा, गिटी, बालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरूको विक्री तथा निकासी र सडक मर्मत संभार शुल्क**

| सि.नं | विवरण | वार्षिक करको दर (रू) |
|---|---|---|
| १ | सडक मर्मत संभार शुल्क | |
| | ठूला ट्रक/ट्रिपर | ३०० |
| | आइचर | २०० |
| | निशान | १५० |
| | ट्र्याक्टर | १०० |
| २ | ढुङ्गा गिटी बालुवा संकलन तथा विक्री शुल्क (संकलन शुल्क रु. ३ र विक्री शुल्क रु. ६) | ९ |
| ३ | पत्रे ढुङ्गा निकासी | ६ |

**अनुसूची–१५**
**दफा (१६) संग सम्बन्धित**
**जरिवाना**

| सि.नं | विवरण | वार्षिक करको दर (रू) |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा | २०० देखि ५००० सम्म |
| २ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू उत्खनन् गरेमा (स्काभेटर) | ७५००० |
| ३ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू उत्खनन् गरेमा (ब्याकहो लोडर) | ५०००० |
| ४ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू चोरी निकासी गरेमा (ट्रिपर) | २०००० |
| ५ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू चोरी निकासी गरेमा (आइचर) | १०००० |

| | | |
|---|---|---|
| ६ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा ढुंगा, गिटी, बालुवा, स्लेट, लगायतका पदार्थहरू चोरी निकासी गरेमा (अन्य साना साधन) | ५००० |
| ७ | गाउँपालिका क्षेत्रबाट अवैध रुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासी गरेमा (प्रति गाडी) | ३०००० |